**नेपाल, ३ नं. प्रदेश, भक्तपुर, चाँगुनारायण नगरपालिका**

चाँगुनारायण नगरपालिकाको स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ७ मिति : २०७६/०२/३०

**भाग-२**

कार्यपालिकाबाट पारित मिति : २०७६/०२/१५

# ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७४

१. **परिचय** : ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथ राज्यद्धारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसुचि ८ को क्र.सं १६ बमोजिमको कार्य ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७४ जारी गरिएको छ ।

२. **परिचय पत्र वितरण आधार** : नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय पत्र वितरण आधार हुनेछन् ।

३. **उदेश्य** :

(क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लागत राख्ने ।

(ख) नेपालको संविधान अनुसार प्रत्येक ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजानिक सवारी साधन, सार्वजानिक कायै स्वास्थ सेवा, धार्मिक तथा सार्वजानिक

स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

(ग) प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता रा अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

४. **लिक्षित वर्ग** : ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

५. **ज्येष्ठ नागरिकको वर्गीकरण** : ज्येष्ठ नागरिक सम्बन्धी नियमावी २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ ।

(क) सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष पूरा गरेको बरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक

(घ) अशक्त ज्येष्ठ नागरिक

६. **परिचय पत्र वितरणका मापदण्ड** : ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिनेछ ।

७. **ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा** : ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसुची ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा यस निर्देशिकाको अनुसुचि १ बमोजिम हुनेछ । ज्येष्ठ नागरिक परिचय पत्रको आकार (क्ष्शभ) नेपाली नागरिकताको प्रमाण पत्रको बराबरको हुनेछ ।

८. **परिचय पत्र वितरण प्रक्रिया** :

(क) ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निबेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण पत्रलाई आधार मानिनेछ ।

(ग) ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको कार्यकारी प्रमुख वा निजले तोकेको पदाधिकारी हुनेछ ।

(घ) परिचय पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी न.पा को कार्यलयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बनधित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ङ) ज्येष्ठ नागरिक परिचय पत्रको प्रतिलिपि लिन सम्बनधित प्रहरी कार्यलयको सिफारिश वा वडाको सिफरिश सहित सम्बन्धित स्थानिय तहमा निवेदन पेश गर्नुपर्ने छ ।

९. **विविध :**

(क) ज्येष्ठ नागरिक परिचय पत्र वितरणका लागि सम्बन्धित स्थानिय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(ख) ज्येष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानुनको अधिनमा रही कार्यकारी प्रमुख ले निर्णय गरे बमोजिम हुनेछ ।

**अनुसूची १**

ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा

ज्येष्ठ नागरिक परिचय पत्र

प.प.नं

नाम थर.........................................................

ना.प्र.न..........................................................

ठेगाना

जिल्ला.........................................न.पा.............................................

वडा नं ..................... टोल गाँऊ.........................................................

उमेर.......................... लिङ्ग.........................................................

उपलब्ध छुट तथा सुविधाहरु .........................................................

पति/पत्नीको नाम.........................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण..................................................

संरक्षकको नाम,थर, सर्म्पक ठेगाना, मोवाइल नं.........................................

रक्त समुह र रोग भए रोगको नाम र सेवर गरिएको औषधिको नाम.........................................................................

प्रमाणित गर्ने अधिकृत

दस्तखत :

नाम, थर :

**आज्ञाले**

**चिरञ्जिवी तिम्सिना**

**प्रमुख प्रशासकीय अधिकृत**